निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: मितिः २०७८।१०।१८

# प्रेष विज्ञप्ति

## स्थानीय तह निर्वाचनको मिति तोक्न आयोगको परामर्श

निर्वाचन आयोगले आज सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूलाई भेटी २०७४ वैशाख ३१ गते, असार १४ गते र असोज २ गते गरी तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुको पदावधि नेपालको संविधानको धारा २१५ को उपधारा (६), धारा २१६ को उपधारा (६), धारा २२० को उपधारा (५) तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ र दफा ५५ बमोजिम २०७९ जेठ ५ मा समाप्त हुने भएकोले सो अगावै स्थानीय तहको निर्वाचन सम्पन्न गर्नु नेपाल सरकार तथा निर्वाचन आयोगको संवैधानिक एवम् कानूनी दायित्व रहेकोले २०७९ जेष्ठ ४ गते वुधवारका दिन स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने गरी निर्वाचनको मिति तोक्न परामर्श दिएको छ । सो अवसरमा स्थानीय तहको निर्वाचन व्यवस्थापनका लागि कानून बमोजिम आयोगलाई सामान्यतयाः १२० दिन निर्वाचन अवधि आवश्यक पर्ने भएपनि स्थानीय तहको निर्वाचनलाई लक्षित गरी आयोगले मतदाता नामावली संकलन, मतदानस्थलहरुको पुनरावलोकन र निर्धारण तथा निर्वाचन सम्पन्न गर्न आवश्यक पूर्व तयारीका अन्य कार्यहरु निरन्तर गरिरहेकोले आयोगले प्रस्ताव गरे अनुसार निर्वाचनको मिति तोकिएमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्न आयोग तयारी अवस्थामा रहेको स्पष्ट गरेको छ ।

उक्त भेटमा सम्माननीय प्रधानमन्त्री शेरवहादुर देउवाज्यूले नेपाल सरकारबाट आयोगको परामर्श अनुसार प्रस्तावित मितिमा एकै चरणमा स्थानीय तहका सदस्यको निर्वाचन गर्न आवश्यक प्रक्रिया पूरा गरी निर्वाचनको मिति तोकिने जानकारी गराउनु भयो । वहाँले स्थानीय तह सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण तयारीका कार्यहरु गर्न निर्वाचन आयोगलाई आग्रह गर्दै गृह मन्त्रालयलाई आवश्यक सुरक्षा वन्दोवस्त मिलाउन समेत निर्देशन दिनु भयो ।

आयोगको तर्फबाट नेपाल सरकारलाई परामर्श दिने क्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले नेपालको संविधानको धारा २४६ को उपधारा (१) मा संविधान र संघीय कानूनको अधिनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम, कर्तव्य र अधिकार निर्वाचन आयोगको भएको र निर्वाचन सम्वन्धी कानूनले निर्वाचनको मिति आयोगको परामर्शमा नेपाल सरकारले तोक्ने

व्यवस्था गरेकोले आयोगको परामर्श, भूमिका र दायित्वलाई यही संवैधानिक एवम् कानूनी व्यवस्थाको सापेक्षतामा ग्रहण गरिनु पर्दछ भन्ने विषयमा जोड दिँदै स्थानीय तहको कार्यकाल थप हुन सक्ने कुनै संवैधानिक तथा कानूनी प्रावधान नरहेकोले स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुको पदावधि समाप्त हुनु अगावै निर्वाचन गर्नुको विकल्प नदेखिएको स्पष्ट पार्नु भयो । साथै, वँहाले २०७९ जेष्ठ ५ गते अगावै स्थानीय तहको निर्वाचन सम्पन्न गर्न मौजुदा कानूनको कुनै पनि प्रावधान संविधानसँग नवाझिएको समेत अवगत गराउनु भयो ।

स्थानीय तहको निर्वाचन एकै चरण वा दुई वा दुईभन्दा बढि चरणमा गर्न सकिने कानूनी व्यवस्था रहे पनि खर्चमा मितव्ययिता हुने, सुरक्षा व्यवस्थापनमा सहजता हुने, समग्र निर्वाचन व्यवस्थापनमा सजिलो हुने, मतदाता शिक्षा सामग्रीहरुमा एकरुपता हुने, निर्वाचन प्रचार प्रसार खर्च कम हुने, आचारसंहिताको अवधि कम हुने हुँदा अन्य काम प्रभावित नहुने, एक ठाउँको निर्वाचन परिणामले अर्को ठाउँमा प्रभावित नपार्ने तथा निर्वाचनको अनुगमन तथा पर्यवेक्षण सहज हुने आदि सकारात्मक कारणले एकै चरणमा निर्वाचन सम्पन्न गर्नु उपयुक्त हुने सुझाव दिएको उक्त कार्यक्रममा आयोगले स्थानीय तहको निर्वाचनसँग सम्वन्धित निर्वाचन सुरक्षा व्यवस्था, निर्वाचन व्यवस्थापनमा आयोग अन्तर्गत हुने खर्च र कोभिड-१९ प्रभावका बीच निर्वाचन गर्नुपर्दा अवलम्वन गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा समेत सुझाव पेश गरेको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा भएको उक्त कार्यक्रममा माननीय गृह मन्त्री, माननीय सूचना तथा संचार प्रविधि मन्त्री, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री, माननीय महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव लगायत उच्च पदस्थ अधिकारीहरु र आयोगको तर्फबाट प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरु तथा आयोगको सचिवको उपस्थिति रहेको थियो ।

२०७८/१०/१८

**(शालिग्राम शर्मा पौडेल)**
सहसचिव एवं प्रवक्ता